श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं.:-९

माननीय न्यायाधीश श्री अन्जु उप्रेती ढकाल

माननीय न्यायाधीश श्री कैलाशप्रासद सुवेदी

रिट नं. :- ०८१-WO-१३३४

केशव कुमार अधिकारी ------------------------------------------------------------------निवेदक

विरुद्ध

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत ३------------------------विपक्षी

विषयः- उत्प्रेषण।

अन्तरिम आदेश छलफलको लागि पेश हुन आएको प्रस्तुत रिट निवेदनसहित मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी निवेदकको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री टिकाराम भट्टराई र श्री हर्कवहादुर रावल एवम् विद्वान अधिवक्ताहरु श्री राजनप्रसाद दाहाल, श्री राजिव आचार्य, श्री नारदमुनि प्याकुरेल र श्री प्रवल शर्मा तथा विपक्षी नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फवाट उपस्थित उच्च सरकारी वकील कार्यालय, पाटनका विद्वान उप-न्यायाधिवक्ता श्री हरिवहादुर पुन मगर र विपक्षी हँसपुर न.पा. को तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव प्रसाद यादव र विद्वान अधिवक्ता श्री नरेशकुमार साहले गर्नुभएको वहससमेत सुनियो।

अव, अन्तरिम आदेश जारी हुने नहुने विषयमा विचार गर्दा, निवेदकले माग गरेको विषयमा रिट निवेदनको अन्तिम सुनुवाई गरी निर्णय हुँदाको अवस्थामा संवोधन हुने देखिएकोले तत्काल अन्तरिम आदेश जारी गर्नु परेन। यस अदालतवाट मिति २०८१/०९/२४ गते जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिइरहनु परेन। कानून वमोजिम गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८१ साल माघ महिना ११ गते रोज ६ शुभम् ---------------------------------।

CamScanner